जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः ३०६ पृष्ठः ४ | २०८० चैत्र १८ गते आइतबार (Sunday 31 March 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

# अझै रोकिएन ट्राफिक प्रहरीको असुली धन्दा




सिरहा, १७ चैत्र। सिरहामा ट्राफिक प्रहरीको अबैध असुली धन्दा अझै रोकिन सकेको छैन्। व्यापक असुली गरेको गुनासो बढेपछि ट्राफिकले सवारीधनीसँग लिने जरीवाना रकम भुक्तानीमा सरकारले विद्युतीय प्रणाली लागू गरे पनि सिरहा ट्राफिक प्रहरीको असुली धन्दा अझै रोकिन नसकेका हुन्। पूर्व पश्चिम राजमार्गमा चल्ने हल्का यात्रुवाहक सवारी साधान (म्याजिक, विङ्गर), बजार क्षेत्रबाट गाउँ पुर्याउने तीन पाङ्गे सवारी साधान, ओभरलोड बोक्ने ट्रक-टिफर, ट्याक्टरहरुसँग मासिक असुलि गर्ने प्रकृया अझै नरोकिएको व्यवसायीहरु बताउँछन्।

म्याजिक र विङ्गरहरुले क्षमताभन्दा बढी बोक्न पाउने सुविधा बापत व्यवसायी संघबाटै प्रत्येक महिनामा एक मुष्ठ रकम जाने गरेको नाम नबताउने सर्तमा एक सवारी संघका पदाधिकारीले बताए। उनले भने, 'यसरी नै चल्दै आएको छ। दक्षिण नटर्क्याए विभिन्न बहानामा दुःख दिने गर्छ। त्यसैले पनि सबैबाट थारै थोरै उठाएर हामीले ट्राफिकलाई दिने गरेका छौं।' यो प्रकृया जिल्लाका सबै ट्राफिक पोष्टमा त जान्छ नै लहानदेखि बर्दिवास सम्मका ट्राफिक मिलाउनु पर्ने बाध्यता रहेको उनले बताए।

दिनभरी गाडी चलाएर ड्राईभर, खलासी, तेलको लागत कट्टा गरी मुस्किलले हजार १५ सय हात पर्ने गरेको लहान वर्दिबास चल्ने एक म्याजिक व्यवसायीले बताए। उनले भने, 'दिनभर सडकमा गाडी कुदेर घर फर्कदाँ आफ्नो हातमा पर्ने रकमको टुङ्गो हुँदैन तर, संगठनमा रकम बुझाउनै पर्छ।' त्यसैगरी, ओभरलोड गरेर सिरहा क्षेत्रमा हिड्ने प्रत्येक ट्रकले मासिक एक देखि दुई हजार, ट्याक्टले एक हजार देखि १५ सय सम्म बुझाउनु पर्ने बाध्यता नै रहेको व्यवसायीहरु गुनासो गर्छन्। व्यवसायीहरु बताउँछन, 'थोरै लोड गरे पनि पोसाउँदैन, ओभरलोड गर्दा अलिकति फाईदा हुन्छ की भन्ने हो। त्यो पनि बाटोको ट्राफिक नमिलाई हुन्न्।'

आर्थिक मन्दिका कारण मुस्किलले उद्योग चलाईरहेका सिरहाका इँटा व्यसायीहरु ट्राफिक प्रहरीको असुली धन्दाको मारमा परेको बताउँछन्। उनीहरुले आफ्नो इँटा पुग्ने रुटमा सिजनको बेला प्रत्येक महिना १५ सयदेखि तीन हजार एउटा ट्राफिक विटमा बुझाउनु परेको गुनासो गर्छन्। 'थोरै इँटा लग्दा पोस आउँदैन, ड्राईभर तिनै पर्यो, तेल खर्च भईनै हाल्छ। अलिकति बढी लोढ गर्‍यो ट्राफिक मनाउनै पर्‍यो जताबाट पनि व्यवसायी नै मारमा पर्छन्।' इँटा व्यसायी प्रमोद सिंहले भने, 'यस्तै हो सवैले चल्नै पर्‍यो मिलाएर काम गर्नै पर्छ। काम गर्ने भएपछि कतिसँग नियम कानुनको कुरा गर्दै हिड्ने।'

सिरहामा ५५ भन्दा बढी इँटा उद्योगको करिव तिन सय ५० वटा ट्याक्टर नियमित चल्ने गरेको छ। त्यतिकै संख्यामा सिमेन्ट उद्योगमा

-बाँकी दुई पेजमा

# दर्जनौं कम्प्युटरसहित दुई चिनियाँ पक्राउ

**सन्तोष यादव**

जनकपुरधाम, १७ चैत्र। वीरगञ्ज महानगरपालिका-१५ स्थित एक घरमा छापा मारेर प्रहरीले दुई चिनियाँ नागरिकलाई पक्राउ गरेको छ। चिनियाँ नागरिक पक्राउ परेको फ्ल्याटबाट प्रहरीले दर्जनौं कम्प्युटर, ल्यापटप, डिभाइस, मोबाइललगायतका समान बरामद गरेको छ। पक्राउ परेका चिनियाँ नागरिक र बरामद सामान जिल्ला प्रहरी कार्यालय लगिएको छ।

-बाँकी अन्तिम पेजमा

# साधुको भेषमा गाँजा ओसारपसार गर्ने पैसवान प्रहरी नियन्त्रणमा



रौतहट, १७ चैत्र। रौतहट स्थित जिल्लाको पश्चिमी भेगबाट प्रहरीले लागूऔषध गाँजासहित साधुको भेषमा रहेका एकजना मानिसलाई प्रहरीले पक्राउ गरेको छ। चन्दन टिका लगाएर साधुको भेषमा रहेका फतुवाबिजयपुर नगरपालिका ११ भैसही टोलका ६३ वर्षीय दयालाल पैसवानलाई साढे १७ किलो ग्राम लागूऔषध गाँजा सहित शुक्रवार पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन्।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय गौर र प्रहरी चौकी दुधिअवाका प्रमुख सई प्रभु साहको कमान्डमा ।गएको संयुक्त टोलीले पैसवानको घर खानतलासी

-बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 033-550744, 9801500888, 9802319349

## उपभोक्ता अधिकारको रक्षा गरौं।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

**उपभोक्ता हकको रक्षा गरौं,**
**विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## समिति गठन गर्दै संस्थागत साख गिराउँदै !

सरकारले गठन गरेको एउटा आयोगले सुन तस्करीसम्बन्धी अनुसन्धानमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ९सीआईबी० ले तस्करीमा संलग्न केही व्यक्तिलाई जोगाएको प्रतिवेदन दियो। त्यसमा संलग्न भनिएका अधिकृतहरूलाई सरकारले कारबाहीस्वरूप सरुवा गरेको बताइएको छ। आधुनिक हतियार लिएरभित्र प्रवेश गर्न लागेको व्यक्ति सर्वोच्च अदालतको ढोकामा समातिए। सरकारले केही वर्ष पहिले दिएको हतियारको इजाजतको छानबिन गर्न समिति गठन गरेको समाचार छ। यसरी सरकारका विभिन्न निकायबाट सम्पादन हुनुपर्ने कामका सम्बन्धमा समेत समिति गठन गर्दा जनमानसमा राज्यप्रति अविश्वास बढ्ने जोखिमको भने उपेक्षा गरिएको देखियो।।

शासन प्रशासन चलाउँदा बेलाबखत त्रुटि र कमजोरीमात्र होइन बेइमानी तथा बदमासी पनि भएका अनेकौं उदाहरण छन्। त्यस्तो अवस्थामा राज्यकै नियमित संयन्त्र, संरचना र प्रक्रियाका माध्यमबाट त्रुटि सच्याउने र बदनियत गरिएका भए सजाय दिलाउने सरकारको जिम्मेवारी हो। मन्त्रीहरूले भने सरकारको नियमित निकायबाट काम गराउनुको साटो समानान्तर संयन्त्र बनाउन बढी रुचाएको देखियो।

यस्ता समानान्तर संयन्त्र निर्माण गर्ने मोहको मूल कारण प्रचार मोह देखिन्छ। केही अवस्थामा भने व्यक्तिप्रति उत्तरदायी यस्ता समितिहरू व्यक्तिगत प्रतिशोधको कारक बन्न पुगेको पनि उदाहरण छ। यसैगरी, नियमित संरचना र संयन्त्रमा मन्त्रीहरूले अनुचित हस्तक्षेप गर्ने र सरकारी अधिकारीले पनि उचित अनुचित सबै आदेश पालना गरेर ।आफ्नै संगठनको साख गिराएका छन्। राजनीतिक नेतृत्वको इसारामा कर्तव्यबाट विमुख हुँदा कतिपय सरकारी कर्मचारी बदनाम भएका छन्। सुन तस्करीसम्बन्धी आयोगको सिफारिसका नाममा कारबाहीमा परेका व्यक्तिहरू तत्कालीन गृहमन्त्रीका पार्टीकै नेता कार्यकर्ता र तिनका आफन्त रहेको देखिन्छ। ।कारबाहीमा भने सीआईबीका अधिकृतहरूमात्र परे। राजनीतिक व्यक्तिहरूले नैतिक जिम्मेवारीसमेत लिएनन्।

सरकारको विभिन्न निकायबाट सम्पादन हुनुपर्ने कामकाज 'ऐजेरु' अस्थायी संरचनाबाट गराउँदा नियमित संयन्त्रमा खिया लाग्ने गर्छ। राज्यका नियमित संरचना, विधि र प्रक्रिया छलेर शासन चलाउन गरिने यस्तो चटकले राज्यका अंगहरूलाई निस्क्रिय बनाउनुका साथै तिनको साखसमेत समाप्त पारिदिन्छ। ।सस्तो प्रचारवाजीका लागि गरिने 'स्टन्ट'ले व्यक्ति विशेषले केही समय धेरैलाई भ्रममा राख्न सके पनि राज्यका संरचना र समाजमा भने त्यसको असर 'मन्दविष' सरह हुन्छ। राष्ट्रलाई नै असफल बनाउन बदनियत राखेर यस्तो स्टन्टवाजी गरिएको होइन भने राज्य आधारभूत अङ्क र संयन्त्र कमजोर बनाउने तथा लोकतान्त्रिक विधि एवं प्रक्रिया मिच्ने काम बन्द गरियोस्। लोकतन्त्र संविधानको अक्षरमा सीमित हुँदैन।

### अझै रोकिएन...

चल्ने ट्रक, टिपर छन्। साना सबारीको संख्या भने हजारको आसपासमा रहेको व्यसायीहरु बताउँछन्। जिल्ला ट्राफिक प्रहरी कार्यालयमा कार्यरत्त माधव पोखरेलले प्रत्येक ट्राफिक प्रहरी विटबाट असुल भएको अवैध रकम हाकिमलाई बुझाउने गरेको नाम नखोल्ने शर्तमा एक ट्राफिक प्रहरीले जनाएको छ। उनले भने, 'ट्राफिक प्रहरीले जिल्लामा अवैध असुली गरेको रकम केन्द्रमा बस्नेलाई पनि बुझाउनु परेको बताए।'

सिरहामा दिनहुँ ठूलो संख्यामा सानादेखि ठूला गाडीहरु क्षमताभन्दा बढी लोड गरी हिंड्ने गरेको भए पनि रकम दिएपछि उनीहरुलाई ट्राफिकले छाड्ने गरेको चालकहरूको आरोप छ। ट्राफिक प्रहरीले भने विद्युती भुक्तानी प्रणाली लागू भईसकेकाले अनाधिकृत रकम लिने कुरै नआउने बताउँदै त्यस्ता पाइएका कानुन अनुसार विभागीय कार्वाही हुने बताए।

### साधुको भेषमा...

गर्दा लुकाई छिपाई राखेको १७ किलो ५०० ग्राम लागु औषध गाँजा बरामद गरेको प्रवक्ता गिरीले जानकारी दिएकी छिन्।

पैसवानलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि इलाका प्रहरी कार्यालय लक्ष्मिनिया विजयपुरमा राखी लागु औषध सम्बन्धी कसुर शीर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान कार्य भइरहेको इन्स्पेक्टर विजय कार्कीले बताए। पछिल्लो समय मकवानपुर जिल्लाको विभिन्न स्थानबाट खरिद गरी लागूऔषध गाँजा तस्करले साधुको भेषमा लुकाई छिपाई सीमावर्ती भारतीय बजार सम्म पुऱ्याउने गरेका छन्।




# कहिलेसम्म आफ्नै खुट्टामा बञ्चरो प्रहार गरिरहने ?

ठगी कर्ममा आरोपित व्यक्ति देशको उपप्रधान तथा गृहमन्त्री जस्तो गरिमामय पदमा आसिन भइरहनु अनुचित तथा अशोभनीय छ



**विनोद सिजापती**

राजनीतिक समीकरणलगत्तै गठित सरकारको घोषणा (फागुन २१ गते) ले नेपाली कांग्रेस नेतृत्वलाई जिल्ल बनाइदिएको छ। पुष्पकमल दाहालबाट घरीघरी दोहोरिने 'यो गठबन्धनले कम्तीमा पनि ५ वर्षसम्म निरन्तरता पाउँछ' आश्वासनबाट ऊ नतमस्तक थियो। पुष्पकमल दाहाल तथा खड्गप्रसाद ओलीबीचको पुनः मेलमिलापको सम्भावना अकल्पनीय थियो। तेस्रोपटक दाहाल ओलीबीचको गठबन्धनले कांग्रेस नेतृत्वलाई रन्थन्याइदिएको छ। सरकारबाट अप्रत्यासित रुपमा बाहिरिनुपरेको र तीन वर्षपछि ( छैठौँपटक प्रधानमन्त्री) सरकारको नेतृत्व गर्ने सम्भावना टर्दा कांग्रेस नेतृत्व हतासमा सरकार गिराउन अग्रसर हुँदैछ ।

सरकार ढाल्ने उद्देश्य प्रेरित दुईधारे रणनीति कांग्रेसले अख्तियार गर्दैछ। पहिलो, 'धोखा खानेहरूबीचको मेलमिलाप' तथा दोस्रो, सहकारी ठगी प्रकरणमा संलग्न आरोपित उपप्रधान तथा गृहमन्त्रीको राजीनामा माग्ने। स्वार्थ बाझिने भएको हुनाले कांग्रेसले प्रस्ताव गरेको सहकारी ठगी प्रकरण छानबिन संसदीय समितिलाई हस्तक्षेपमुक्त तुल्याउन गृहमन्त्रीको राजीनामा अनिवार्य देखिन्छ। कांग्रेसले उक्त माग पूरा नहुन्जेलसम्म संसद् संचालन हुन नदिने घोषणा पनि गरिसकेको छ ।

सर्वसाधारणले पटुका कसेर भोलिका दिनका निमित्त जोहो गरी सहकारी संस्थामा सुरक्षित राख्न दिएको रकम अपचलन गर्नु 'जघन्य आर्थिक अपराध' हो। यस्तो कर्ममा संलग्न आरोपित व्यक्तिका निमित्त देशको उपप्रधान तथा गृहमन्त्रीजस्तो गरिमामय पदमा आसिन भइरहनु अनुचित तथा अशोभनीय हुन्छ। संसदीय समिति गठन गरेर छानबिन गर्ने परिपाटी संसदीय व्यवस्थाको पुनःस्थापनासँगै सुरु भएको हो। त्यसैगरी विपक्षले अघि सारेको माग पूरा नहुन्जेलसम्म अवरुद्ध गर्ने कार्य थालनी पनि त्यही कालखण्डदेखि नै सुरु भएको हो।

विगतमा गठन गरिएका संसदीय विशेष छानबिन समितिहरूका 'ट्र्याक रेकर्ड' निराशाजनक छ। धेरैजसो अवस्थामा त्यस्ता माग विद्रोहको आगो निभाउन बारुणयन्त्रको रुपमा उपयोग गरिन्छ। अधिकांस अवस्थामा संसदीय छानबिन समितिले तयार पारेको प्रतिवेदन जनसमक्ष प्रस्तुत हुँदैन। जुन भएका छन्, तिनको कार्यान्वयनमा आउन नै पाउँदैनन। अर्कातर्फ सार्वजनिक जीवनमा रहेका व्यक्तिलाई आरोप लाग्न सक्छ। तर, नखाएको विष लाग्दैन। सार्वजनिक जीवन बिताउने तथा ओहोदामा बसेका कुनै पनि इमान्दार व्यक्तिले आफूलाई लगाएको आरोप गलत सावित गर्ने अवसर पाउनुपर्छ।

यदि गलत आक्षेप लागेको हो भने प्रथम कर्तव्य हुन आउँछ कि निष्पक्ष अनुसन्धान कार्यको थालनी तथा उक्त कार्यलाई सघाउनु। हाम्रोजस्तो सामाजिक परिप्रेक्षमा जिम्मेवार पदमा रहेर निष्पक्ष छानबिन हुन दिन सम्भव हुँदैन। झन् छानबिन गर्ने निकाय प्रमुख पदमै आसिन हुँदा स्वार्थ बाझिने हुनाले नैतिक मूल्य–मान्यताकै आधारमा पनि त्यस्तो जिम्मवारीमा रहिरहन हुँदैन।

यदि गलत आक्षेप लगाइएको हो भने आरोप लगाउने व्यक्ति अथवा समूहउपर कानुनी कारबाहीका थुप्रै अवसर छन्। मानहानि वा अपहेलना मुद्दा लगाउन कुनै आइतबार ढुक्नु पर्दैन । नेपाली राजनीतिक धरातलमा उदाएका उपप्रधान तथा गृहमन्त्री लोकप्रिय छन्। तिनको 'कम्युनिकेटिङ' क्षमता बेजोड छ । तर तिनको विगतका छवि भने विवादित छ। तिनको कर्तुत जतिसुकै कालो घुम्टोले छोप्न खोजे पनि त्यो छोपिँदैन।

धेरै अर्थमा तिनी अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रमका नेपाली संस्करण हुन्। हेक्का रहोस्, दोस्रोपटक अमेरिकी राष्ट्रपति उमेदवार ट्रम चार प्रमुख विषयहरू जस्तै बैङ्किङ्ग कसुर, यौन अपराध, राष्ट्रिय सुरक्षाको अवहेलना तथा निर्वाचित सरकारविरुद्ध साजिस गरेवापतका ९१ अपराधिक मुद्दा खेप्दैछन्। तर पनि तिनलाई रिपब्लिकन पार्टीले राष्ट्रपतिको उमेदवारका निमित्त बहुमतले अनुमोदन गरेको छ। आगामी नोभेम्बरको निर्वाचनमा तिनी राष्ट्रपति निर्वाचित भए भने अचम्मित हुने अवस्था छैन। ठीक ट्रमकै शैलीमा उपप्रधानमन्त्री आफू निर्दोष भएको बखान गर्न उद्यत छन्।

त्यतिले नपुगेर डब्लुडब्लुईको पहलमानले अख्तियार गर्ने शैलीमा आफू निर्दोष रहेको मौखिक प्रमाण प्रस्तुत गर्न अग्रसर छन्। तिनी निर्दोष भएको बखान प्रधानमन्त्रीलेमात्र गरेनन् आईजीपीले समेत संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा गरे। बिडम्वना त, प्रधानमन्त्री अधिकार सम्पन्न छन्। तर, न्यायिक अधिकार तिनीसँग छैन। प्रहरी प्रमुखलाई पनि छानबिनका विषयमा चुइक्क बोल्ने अधिकार छैन। तिनका बोलीले अनुसन्धान प्रकृयामा अवरोध पुर्याउँछ।

कुनै पनि लोकतान्त्रिक राष्ट्रमा न्यायिक प्रक्रियालाई असर पर्ने गतिविधि गर्ने पात्र सजायँको भागीदार हुन्छ। कांग्रेसले जे/जस्तो माग गर्दैछ त्यो जायज छ। तर उसले अख्तियार गर्दै गरेको नीति गलत मात्र होइन, घातक पनि छ। विगतमा गठन गरिएका संसदीय छानबिन समिति प्रभावकारी भएनन् भन्दैमा सरकारले संसदीय छानबिन समिति गठन गरोस् भन्ने माग राख्न मिल्दैन भन्न मिल्दैन। उक्त माग सम्बोधन नहुन्जेल संसद् अवरुद्ध गर्ने घोषणा सरासर गलत छ। स्वार्थ बाझिने हुनाले आरोपित पात्र उच्च ओहदामा बस्न मिल्दैन भन्नु पनि व्यवहारिक तथा नैतिक धरातलमा सही हो। आरोपित पात्रलाई सरकारमा स्थान दिनु प्रधानमन्त्रीको गैरजिम्मेवारपूर्ण रवैया हो।

सम्माननीय प्रधानमन्त्रीले विगतमा आरोपितलाई उच्च पद सुम्पेर गरेर कानुनी प्रकृया अवरोध गर्ने थुप्रै कार्य गरेका उदाहरणहरू छन्। महिना दिन पनि बितेको छैन, तिनकै नेतृत्वमा कांग्रेसका स्वास्थ्यमन्त्रीले प्रविधि उपकरण खरिद प्रकरणमा करोडौ हिनामिना गरेको आरोप लागेको। तिनै मन्त्री महोदयलाई विगतमा संचार मन्त्रालय सम्हाल्दा टेलिफोन उपकरण खरिद प्रकरणमा अनियमितता गरेको विषयमा अख्तियारले बयान लिएको थियो। उपप्रधान एवं गृहमन्त्रीले भने जस्तै कांग्रेस दूधले नुहाएको समूहको दल अवश्य पनि होइन।

नागरिकलाई विदेशी शरणार्थीमा परिवर्तन गरेर धन आर्जन गर्नेहरु पनि छन्, यस दलमा । टेलिफोन उपकरण 'टेरामेक्स' प्रकरण खरिद प्रकरणमा उच्च कांग्रेसी नेताको सामेलीबारे पर्दा खुल्दैछ। विगतमा भए गरेका थुप्रै कंकालहरू सानेपाको दराजमा लुकेका छन्। कांग्रेसले सत्तासीन हुँदा देशवासीलाई सुशासनको अनुभूति दिन सकेको भए सायद सर्वसाधारणले वैकल्पिक राजनीतिक शक्तिको खोज गर्ने थिएनन्। पुराना पार्टी नेतृत्वबाट वाक्कदिक्क भएका मतदाताले नयाँ नेताले आर्जेको विगतको छविलाई नजरअन्दाज गरेर बहुमत दिँदै दुई पटक विजयी तुल्याएका हुन्।

'आफ्नो अंगको भैँसी नदेख्ने अर्काको अंगको जुम्रा देख्ने' भन्दै कांग्रेसलाई लक्कारदा हेक्का राख्नैपर्ने हुन्छ, चोर औंला देखाउँदा तीन औला आफूतर्फ फर्किने तथ्य। तिनको दूधले नुहाएको छैन भन्ने अभिव्यक्तिले कांग्रेसजस्तै आफू पनि शुद्ध नभएको स्वीकारेको देखिन्छ, रवि लामिछानेले पनि। यस्ता बोलीले सर्वसाधारणलाई निरास भएर जुन जोगी आए पनि कानै फट्टा निक्यौंल निकाल्न सहयोग गर्छ। संसदीय लोकतन्त्रमा अगाध विश्वास गर्ने दलले नै संसद् अवरुद्ध गर्ने कार्य अशोभनीय मात्र होइन, निन्दनीय नै हो । यो रवि लामेछानेको दूधले नुहाएको उक्तिसँग मेल खान्छ। एमाले तथा माओवादीले संसद् अवरोध गर्न हुने हामीले किन नहुने भन्ने भनाइ अनुरुपको पहलकदमी हो।

यो अभ्यासको थालनी पूर्व वर्तमान नेतृत्वले स्मरण गर्नै पर्ने वास्तविकता भनेको यही संसदीय प्रणालीको पुनःस्थापनाका निमित्त धेरै कांग्रेसजन सहिद भए। ठूलो संख्यामा महिलाहरूको सिन्दुर पुछियो। धेरै बालबालिका अनाथ भए। कैयौं युवाले भविष्य अन्धकार तुल्याए। ठूलो संख्यामा नेताले जेल तथा निर्वासित जीवन बिताए। आज त्यही दल संसद अवरुद्ध गर्न अग्रसर हुनुभन्दा ठूलो विडम्वना अरु के हुन सक्छ ? एमाले अथवा माओवादीले संसद भंग गर्ने दुष्प्रयास गर्नु स्वभाविक छ। तिनले संसदमा मारपिट गर्नु तिनका निमित्त पुरुषार्थ नै हो। कम्युनिष्ट परिभाषाले संसदीय लोकतन्त्रमा अलिकति पनि विश्वास गर्दैनन्। तिनको संसदीय प्रणालीमा सहभागिता केवल यस प्रणाली ध्वस्त पार्ने अर्को रणनीति मात्र हो।

राष्ट्रिय जल्दाबल्दा मुद्दा तथा चुनौतीका विषयमा दलभित्र छलफल तथा विमर्श गर्ने परिपाटी अझै कांग्रेस दलमा बस्न सकेको छैन। सत्तालिप्त नेतृत्वले बन्द कोठाको चार दिवारमै सीमित भएर दलीय निर्णय गर्छ। नेतृत्वले गरेको निर्णय सार्वजनिक भएपछि मात्र दलका जिम्मेवार नेता तथा पदाधिकारीले चाल पाउँछन्। यदि कांग्रेसमा विचार–विमर्श गर्ने प्रथा हाबी भइदिएको भए सहकारी ठगी प्रकरणलाई प्रतिनिधि उदाहरणका रुपमा उसले हेर्ने थियो। मौलाउँदै गरेको सर्वसाधारणको बचत हिनामिना गर्ने प्रथाको अन्त्यका निमित्त आवाज उठाउने थियो।

भ्रष्टाचार नियन्त्रणका निमित्त निर्माण गरिएका संस्था तथा निकायलाई स्वच्छ तथा प्रभावकारी तुल्याउने माग गर्थ्यो। केही नभए पनि धैर्य गरेर एक आपसमा मिल्न नै नसक्ने शक्तिबीचको सत्ता बाँडचुँडका निमित्त गरिएको गठबन्धन सरकारको प्राकृतिक अवसानका निम्ति कुर्ने थियो । प्रतिशोधको भावले सरकार ढाल्ने प्रयासमा अग्रसर हुँदा कांग्रेस आफ्नै खुट्टामा बञ्चरो प्रहार गर्न लागि पर्दैछ। त्यसको प्रतिकारमा उत्रेको छ, रास्वपा। कांग्रेसभन्दा दुई कदम अगाडि बढेर कांग्रेसको खेदो खन्दा आफ्नै खुट्टामा बञ्चरो प्रहार गर्दै गरेको विषयमा उसलाई अत्तोपत्तो छैन ।

# बेवारिसे पुरुषको शव पेला

**जनार्जन खत्री**

सर्लाही, १७ चैत्र। चुरेभेगस्थित सर्लाहीको बागमती नगरपालिका–१, कर्काली खोल्सीमा एक बेवारिसे पुरुषको शव फेला परेको छ। ढोपबाट हिरेडाँडातर्फ जाने चुरेपाखाको गोरेटो बाटोबाट करिब ७ सय मिटर तल खोल्सामा सनाखत हुन नसकेको अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेका प्रहरीले जनाएको छ।

शुक्रबार दिउँसो वनमा करकलो टिप्न गएका मानिसले भिरको खोल्सामा सड्न थालिसकेको शव देखेपछि प्रहरीमा खबर गरेका थिए। मृतकको शव घटनास्थलबाट उठाएर शुक्रबार साँझ पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिनुभयो। भिरको अप्ठेरो बाटोबाट लडेर ती पुरुषको मृत्यु भएको आशङ्का गरिए पनि पुष्ट भने हुन सकेको छैन।

–बाँकी तीन पेजमा

# कसरी पाउँछन् प्रदेश र स्थानीय तहले राजस्व बाँडफाँट बापतको पैसा ?

काठमाडौँ, १७ चैत्र। संघीय सरकारले आगामी आर्थिक वर्षका लागि अन्तर–सरकारी वित्त व्यवस्थापन तथा राजश्व बाँडफाँटको ढाँचा टुङ्ग्याएको छ। सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश र स्थानीय तहलाई अन्तर–सरकारी वित्त व्यवस्थापन तथा राजश्व बाँडफाँटको हिस्साबमोजिम उपलब्ध गराउने रकम टुङ्ग्याएको हो। जसअनुसार आगामी आर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा गरी कूल १ खर्ब ५५ अर्ब रुपैयाँ राजश्व बाँडफाँटबापतको रकम जानेछ।

सरकारकी प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार यही साताको बिहीबार सम्पन्न मन्त्रीपरिषद्को बैठकले आगामी आर्थिक वर्षमा राजश्व बाँडफाँटबापत ७ प्रदेशका लागि ७७ अर्ब ५० करोड रुपैयाँ रकम तय गरेको हो। यस्तै, स्थानीय तहले समेत ७७ अर्ब ५० करोड रुपैयाँ नै अन्तर सरकारी वित्त व्यवस्थापन तथा राजस्व बाँडफाँटबापतको रकम पाउनेछन्।

संघीय सरकारले यो शीर्षकमा प्रदेश र स्थानीय तहलाई मूल्य अभिवृद्धि कर (मूअक) र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबापत उठेको राजश्व बाँडफाँट गर्छ। मन्त्रीपरिषद्को बैठकको निर्णयअनुसार संघीय सरकारले आगामी वर्ष ७ प्रदेशलाई र ७५३ स्थानीय तहलाई समान ७७ अर्ब ५० करोडका दर अन्तर–सरकारी वित्त व्यवस्थापनबापतको रकम उपलब्ध गराउनेछ। र, यसरी उपलब्ध गराउने रकम प्रत्येक प्रदेश र स्थानीय तहलाई ७७ अर्ब ५० करोडका दरले वितरण गर्ने भने होइन। ७ प्रदेशलाई छुट्याइएको ७७ अर्ब ५० करोड रुपैयाँ वितरण हुन्छ। यस्तै, ७५३ स्थानीय तह (महानगर, उप–महानगर, नगर र पालिका)लाई ७७ अर्ब ५० करोड रुपैयाँबाट उपलब्ध हुन्छ। साथै, प्रदेश र स्थानीय तहमा समानरुपमा उक्त रकम बाँडफाँट हुनेछैन।

प्रदेश र स्थानीय तहको राजश्व संकलन, सरकारी खर्च र खर्चको आकार र स्रोतको आवश्यकताका आधारमा सो रकम बाँडफाँट हुने व्यवस्था छ। स्थानीय तहहरूलाई सो शीर्षकमा रकम उपलब्ध गराउन ऐनको व्यवस्था नै गरिएको छ। 'अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४' बमोजिम संघीय विभाज्य कोषमा उठेको कूल रकममध्ये ७० प्रतिशत संघीय सरकारले राख्छ। बाँकी ३० प्रतिशत रकम १५–१५ प्रतिशतका दरले प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने व्यवस्था सो ऐनमा छ।

**कसरी गरिन्छ राजस्वको बाँडफाँट ?**

अन्तर–सहरकारी स्रोत साधनको प्रयोग र प्राप्त उपलब्धिको बाँडफाँटका लागि छुट्टै ऐनको व्यवस्था गरिएको छ। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले राजस्व बाँडफाँट तथा अनुदान वितरणलाई निर्देशित गरेको छ। ऐनको प्रस्तावनामा नै, 'नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसद्ले यो ऐन बनाएको छ' भन्ने उल्लेख गरिएको छ।

ऐनको परिच्छेद ३ को ६ मा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट सम्बन्धी व्यवस्था गर्दै दफा १ मा भनिएको छ, 'नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गरिनेछ।' सोही ऐनको दफा २ को उपदफा १ बमोजिम संघीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकार (संघीय सरकार) लाई राखेर बाँकी रहेको ३० प्रतिशत राजस्व प्रदेश सरकार र स्थानीय तहलाई समान १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिन्छ। यही व्यवस्था बमोजिम सरकारले बैठकले आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहलाई समान ७७ अर्ब ५० करोड रुपैयाँ राजस्व बाँडफाँट गर्ने निर्णय गरेको हो।

प्रस्तावित ७७ अर्ब ५० करोड रुपैयाँलाई १५ प्रतिशत मान्ने हो भने चालू वर्षमा संघीय सञ्चित कोषमा ५ खर्ब १६ अर्ब ६६ करोड रुपैयाँ बराबरको राजस्व (मूल्य अभिवृद्धि कर र अन्तःशुल्क) जम्मा हुने अनुमान सरकारको छ। चालू वर्षमा उठ्ने रकमका आधारमा नै आगामी आर्थिक वर्षमा राजश्व बाँडफाँट गरिन्छ। आर्थिक वर्षको चैत १५ सम्म सबै गरी कूल ६ खर्ब ६४ अर्ब ५९ करोड ३७ लाख रुपैयाँ राजस्व उठेको छ। जसमध्ये कर र गैरकरतर्फ जम्मा ६ खर्ब ६४ अर्ब ५९ करोड ३७ लाख रुपैयाँ मात्र उठेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ। अन्तर–सरकारी वित्त व्यवस्थापन तथा राजस्व बाँडफाँट मूल्य अभिवृद्धि कर र अन्तःशुल्कले मात्र निर्धारण नहुने हुँदा अन्य करलाई समेत समायोजन गरिने अर्थ मन्त्रालयका सहसचिव तथा बजेट तथा योजना महाशाखाका प्रमुख रितेश कुमार शाक्यले रातोपाटीसँग बताए।

**अन्तर–सरकारी राजस्व बाँडफाँटको मुख्य आधार**

खासगरी आन्तरिकतर्फ उठाइने मुख्य दुई प्रकारका करबाटै अन्तर–सरकारी वित्त व्यवस्थापन वा राजस्व बाँडफाँट गरिन्छ। केन्द्र सरकार तथा प्रदेश सरकारको कर नीति अनुसार प्रदेशले उठाउने सवारी साधन कर र प्राकृतिक स्रोतबाट प्राप्त हुने कर तथा रोयल्टी नै तीन तहको सरकारमा बाँडफाँट हुने हो। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ६ (क) १ दफा ५ को उपदफा १ को खण्ड (क) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ। सोही व्यवस्थाको दफा २ को उपदफा १ बमोजिम त्यस्तो रकम (प्रदेशले उठाएको कर) मध्ये ६० प्रतिशत प्रदेश सरकारलाई राखेर बाँकी ४० प्रतिशत स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था ऐनले गरेको छ।

यस्तो रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ। तथापि, सोही ऐनको (५) को उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिकरुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने र यसको हिसाब किताब आर्थिक वर्षको अन्तिममा मिलान गर्नुपर्ने ऐनमा व्यवस्था छ।

यसैगरी प्राप्त प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सन्दर्भमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीनवटै सरकारको अधिकार हुने व्यवस्था छ। यस्तो रोयल्टीका लागि पनि संघीय सरकारले विभाज्य कोष बनाउनुपर्ने र ऐन बमोजिम संघ प्रदेश र स्थानीय तहलाई नै बाँडफाँट गरिनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा २ को उपदफा १ बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची–४ बमोजिम वार्षिक रूपमा गर्ने उल्लेख छ।

**प्रदेश र स्थानीय तहले पाउने करमाथिको अधिकार**

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनको परिच्छेद २ मा राजस्वको अधिकारको व्यवस्था गर्दै प्रदेश सरकार र स्थानीय तहले उठाउन सक्ने कर, गैर कर तथा रोयल्टीको व्यवस्था गरेको छ। नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्न सक्नेछन्। यद्यपि, एकल कर प्रशासनतर्फ संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका निम्न कर लगाउन र उठाउन सक्ने सुविधा दिएको छ।

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने,

(ख) घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने,

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने र

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ऐनको दफा २ को उपदफा १ को खण्ड ख, ग र घ बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरेर बाँकी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान रहेको छ। साथै सोही ऐनले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारको अनुदान समेत प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्ने व्यवस्था गरेको छ।

आगामी आर्थिक वर्षका लागि सरकारले वित्तीय समानीकरण अनुदानको लागि सात प्रदेशका लागि ६० अर्ब रुपैयाँ र स्थानीय तहहरूका लागि ८८ अर्ब रुपैयाँ प्रदान गर्ने जनाएको छ।

# वन अतिक्रमण हटाउन सकस



शिव पुरी

रौतहट, १७ चैत्र। राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरी घर बनाउनेको संख्या यहाँ दिनहुँ बढेको छ। उत्तरको चुरे र दक्षिणको वनक्षेत्रमा स्थानीय धमाधम घर बनाएर बसेका छन्। चन्द्रपुर नगरपालिका १० वटै वडा, बृन्दावनको बलरी, गुजराको मैराक्षेत्र अतिक्रमणको चपेटामा परेको हो। यस क्षेत्रमा घेराबेरा गर्ने, घर बनाउने र बाली लगाउने काम तीव्र छ। माथिल्लो निकायबाट स्पष्ट पहल नभएकै कारण अतिक्रमण हटाउन 'सकस' भएको वनका अधिकारीहरुको ठम्याई छ।

चन्द्रपुर–३ भोलनटार क्षेत्रमा चुरेको आडैमा पक्की घर बनाउन थालिएको छ। त्यस क्षेत्रमा वन र अतिक्रमणकारी बीच पटक/पटक घम्साघम्सी हुँदै आएको छ। वनले अक्रिमणकारी लगाएको तारबार उखेल्दै आए पनि फेरि उनीहरुले रातारात लगाउने गर्छन्। चन्द्रपुरकै–८ स्थित बेतौना क्षेत्रमा वन मासेर ठूला घर बनाइएको छ। त्यसक्षेत्रमा सुरुमा साना भुपडी बनाउन थाले पछि वनले हटाउन सुरु गरेको थियो। तर पछि सकेन्। १० वर्ष अघिसम्म यस क्षेत्रमा साल, कुकाठका ठूल्ठूला रुख थिए। सबै काटिएर तस्करले लगेका छन्। त्यही स्थानमा सुकुम्बासीले पक्की घर बनाउन थाले। केही खाली चउरमा पनि भुप्रो बनाएर बसेका छन्।

वाग्मती क्षेत्रमा वन अतिक्रमण गरी घेराबेरा गरेर बाली लगाइएको छ। यहाँको बेतौना, बनबोहरी, गैंडाटार, जुडिबेला, कनकपुर, जंगलसैया, चन्द्रनिगाहपुर, सन्तपुर, रंगपुर, मैरा, बलरीखोर, वाग्मती र भोलनटार क्षेत्रमा वन अतिक्रमण भइरहेको छ। गुजरा नगरपालिकाको मैरा क्षेत्रमा पनि वनक्षेत्रमा बाली लगाएर अतिक्रमणलाई तिब्रता दिइरहेका छन्। राष्ट्रिय वन अतिक्रमण गर्नेहरु आफुलाई सुकुम्बासी बताउँछन्। उनीहरुले पहिले समान्य भुपडी बनाए। अहिले केहीले पक्की घर बनाउन थालेका छन्।

डिभिजन वन अधिकृत शैलेन्द्र मिश्रले अतिक्रमण गर्नेहरु संस्थागत रुपमा सक्रिय रहेकोले उनीहरुको सञ्जाल तोड्ने काम भइरहेको बताए। 'अतिक्रमण हटाउन जाँदा कुनै न कुनै पार्टीसित आबद्ध भएकै हुन्छन्। यसले पनि हामीलाई समस्या पारेको छ,' उनले भने,'राष्ट्रियस्तरमै अक्रिमण हटाउन सरकारले पहल थाल्नु पर्छ। वनले मात्र चाहेर समस्या समाधान हुँदैन्।' अहिले पनि चुरे क्षेत्रमा घर बनाउन छाडेका छैनन्। दक्षिण भेगमा पनि अक्रिमण उस्तै छ। चुरेमा बसोबास गर्नेहरु राति अतिक्रमणमा बढी सक्रिय हुन्छन्।

जिल्लाको कुल २९ हजार ४ सय हेक्टर राष्ट्रिय वनक्षेत्र हो। पछिल्लो समय ३ हजार ५ सय हेक्टर वन अतिक्रमणको चपेटामा परेको छ। २०७७ सालमा गैंडाटार क्षेत्रमा वन फडानी गरेर बसेका १ सय बढीलाई वन कार्यालयले पक्रेर कारबाही नगरी छाडेको थियो। त्यसपछि जिल्लाभर अतिक्रमणकारीको मनोबल बढेको वनकै कर्मचारी बताउँछन्।

अतिक्रमणमा सुकुम्बासीदेखि हुनेखाने समेत सक्रिय छन्। उनीहरु आफ्नो परिचय दिन चाहदैनन्। बैतौनामा अतिक्रमण गरी बसेका सर्जु चौधरीले आफुहरु सुकुम्बासी भएको र सरकारले ब्यवस्थित बसोबास गर्नुपर्ने बताए। 'बस्नलाई नम्बरी जग्गा छैन्। बाध्यताले वनक्षेत्रको खाली जमिन अतिक्रमण गरी भुप्रो बनाएको छु। यसमा पनि वनले आखा लगाएको छ,' उनले भने,'वनको खाली जमिनमा नबसेर कहाँ जाने ?'

डिभिजन वनले अतिक्रमण हटाउन माथिल्लो निकायमा पहल थालेको जनाएको छ। वनले एक दशक बढी समयदेखि अतिक्रमण हटाउन सुरु गरे पनि सकेको छैन्। चुरेक्षेत्रको बढ्दो अतिक्रमण र बिनास रोक्दै त्यसलाई व्यवस्थित रुपमा संरक्षण गर्न सरकारले मेचीदेखि महाकालीसम्मको चुरे क्षेत्र संरक्षणको कार्यक्रम सुरु गरे पनि प्रभावकारी हुन सकेन। त्यस क्षेत्रमा वनले बृक्षारोपण र तारबार गरेको थियो। अतिक्रमणकारीले रातारात बिरुवा उखेलेर घेराबेरा फालिदिए।

त्यस क्षेत्रमा अहिले पनि वन कर्मचारीलाई जान हम्मेहम्मे पर्छ। तत्कालीन डिभिजन वन अधिकृत बलिराम पण्डितको पालामा स्थानीय प्रशासनको सहयोग लिएर जिल्लाभरी अतिक्रमण हटाउने अभियान सुरु गरेका थिए। उनले केही स्थानमा समान्य बल प्रयोग गरेपछि अतिक्रमणकारी तितरबितर भएका थिए। दुई दिन बित्न नपाउँदै राजनीतिक दलबाट रोक्न तिब्र दबाब आउन थालेपछि वनले अभियान रोक्नु पर्‍यो।

अतिक्रमण छाडेर भागेकाहरु सबै फिर्ता भए। त्यसको भनै नकारात्मक प्रभाव परेको अधिकृत पण्डितले त्यसै बेला भनेका थिए। सुकुम्बासीहरु कुनै न कुनै दलसित आबद्ध भएकाले हटाउन नसक्ने निष्कर्षमा वन पुग्यो। अहिले त्यस

–बाँकी अन्तिम पेजमा

# गण्डक नहरमा भेटिएको डल्फिन नारायणी नदीमा छोडियो

काठमाडौँ, १७ चैत्र। पश्चिम नवलपरासीको प्रतापपुर–७ सूर्यपुरामा रहेको गण्डक नहरमा डल्फिन भेटिएको छ। हिजो दिउँसो भेटिएको डल्फिनलाई स्थानीय, वन रक्षक र प्रहरीको सहयोगमा उद्धार गरी पूर्वी नवलपरासीको त्रिवेणीमा रहेको नारायणी नदीमा छाडिएको जिल्ला वन कार्यालयका निमित्त प्रमुख रविन्द्रनाथ चौधरीले जानकारी दिनुभयो।

उहाँकाअनुसार डल्फिन अनुमानित ७०/७५ किलो र



लम्बाई ६ फिटभन्दा बढी रहेको छ। डल्फिन गण्डक बाँधबाट भारतीय नहर हुँदै सूर्यपुरा विद्युत् गृहको बाँधसम्म आएको निमित्त प्रमुख चौधरीले बताउनुभयो। पछिल्लो समय नारायणी नदी आसपासमा डल्फिनको सङख्या बढ्दै गएको छ। तर डल्फिनको संरक्षणमा सरकारले चासो नदिएको संरक्षणकर्मीले बताएका छन्। डल्फिन नेपालमा पाइने एकमात्र स्तनधारी जलचर प्राणी हो।

# उन्नत जातको मकैमा दाना नलागेपछि किसान चिन्तित



सर्लाही, १७ चैत्र। उन्नत जातको मकैमा दाना नलागेपछि सर्लाहीका किसान चिन्तित भएका छन्। जिल्लाको बागमती, बरहथवालगायत स्थानमा सयौँ किसानले लगाएको उन्नत जातको मकैमा दाना नलागेपछि किसानलाई चिन्ताले सताएको हो। ।मकैमा आकर्षक घोगा लागे पनि दाना भने नलागेको स्थानीय किसान चन्द्रबहादुर जिम्बाले गुनासो गरे। प्रति किलो रु ६५० किलोमा किनेर सात कट्ठामा लगाएको मकैमा दाना नलागेपछि लगानी डुबेको बागमती नगरपालिका-४, का किसान राम विश्वास महतोले बताए। “धेरै फल्ने आशमा महँगो मूल्यमा बीउ किनेर रोपियो”, उनले भने, “अहिले सबै लगानी डुब्यो।” बागमती र बरहथवाका किसानले लगाएको बिघौँबिघा क्षेत्रफलको हाइब्रिड मकैमा दाना नलागेको किसानको दाबी छ।

यस क्षेत्रमा उत्पादन राम्रो हुने भएपछि किसानले वर्षको दुई यामसम्म उन्नत जातको मकै रोप्ने गरेका छन्। प्रशस्त फल्ने विश्वासमा ऋण गरेर रोपेको मकैमा दाना नलागेपछि आफू बर्बाद भएको अर्का किसान रञ्जित महतोले गुनासो गरे। उनले गत मङ्सिरमा तीन बिघा क्षेत्रफलमा उन्नत जातको मकै लगाएको बताए। उनका अनुसार घोगा ठूलो लागे पनि दाना लागेको छैन।

महँगो बीउसँगै विशेष किसिमले ।मलखाद हालेर ।लगानी गरेको मकै नफलेपछि किसान छागाँबाट खसेजस्तै भएका छन्। र किसानलाई गुणस्तरहीन मकैको बीउ बिक्री गरेर ठगी गरेको बरहथवा-५ कि ।ललिता साहको आरोप छ। मकैमा दाना नलागेपछि आफूहरु संकटमा परेको उनले गुनासो गरे। उन्नत जातको मकै खेतीका लागि प्रतिकट्ठा रु तीन हजारदेखि तीन हजार पाँच सयसम्म खनजोत, मलखाद र कामदार खर्च लागेको किसानहरूले बताएका छन्। जग्गा भाडामा लिएका किसानको लगानी अझ बढी छ।

उत्पादन बिग्रिएका अधिकांश किसानले भारतीय बीउ उत्पादन कम्पनी नुजिभिडु सिड्सले उत्पादन गरेको ‘विनर’ नामको मकै लगाएको बताएका छन्। मङ्सिरका पहिलो साताअघि लगाइएको अन्य कम्पनीका हाइब्रिड जातको मकैमा ।समस्या देखिएको बागमती नगरपालिकाका कृषि प्राविधिक हिमाल साहीले जानकारी दिए। ।बीउ उत्पादक कम्पनीले भने मौसम अनुकूल नभएका कारण मकैमा दाना नलागेको जनाएको छ। नुजिभिडु सिड्सका नेपाल प्रतिनिधि श्रीप्रसाद पालिखेलले किसानले समयअगावै मकै रोपेका कारण समस्या भएको दाबी गरे। मकैको परागसेचनको समयमा धेरै चिसो भएको उनले दाबी छ। “किसानले मकै रोप्न हतार गर्नुभयो”, उनले भने, “कम्पनीले मकै रोप्ने समय जानकारी गराउँदा अटेर गर्नुभएको देखियो।” मङ्सिर पहिलो सातादेखि रोप्नुपर्ने मकै कात्तिकतिरै रोपिएको उनको दाबी छ। दाना नलागेका किसानको विवरण सङ्कलन गरेर भारतस्थित कम्पनीमा ।जानकारी गराइएको उनले बताए। किसानलाई कसरी राहत पुऱ्याउन सकिन्छ भनेर आफूहरुले अनुगमन गरिरहेको उनले बताए। नगरपालिकास्थित कृषि शाखाले क्षतिको विवरण सङ्कलन गरिरेहेको छ।

किसानलाई अनुदानमा वितरण गरेको मकै उत्पादन नभएको गुनासोपछि आफूहरुले ।विवरण सङ्कलन सुरु गरेको र एक दुई दिनभित्रमा पूर्ण विवरण सार्वजनिक गरिने नगर कृषि शाखा अधिकृत अवधेशकुमार झाले जानकारी ।दिए। अत्यधिक मकै उत्पादन हुने यस क्षेत्रमा नगरपालिकाले ‘मकै क्षेत्र’ विकासका लागि छ सय किलो विनर मकैको बीउ अनुदानमा वितरण गरेको थियो।। जिल्लाको कमैँया, ढुङ्गेखोला, शङ्करपुर, राजघाट, हजरिया, मुर्तियालगायत स्थानमा हाइब्रिड मकै उत्पादन हुने गरेको छ। जिल्लामा बर्सेनि १२ हजार हेक्टर क्षेत्रफलमा मकै लगाउने गरिको छभने यहाँ ५ दशमलव ३ लाख मेट्रिक टन मकै उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत देवानन्द यादवले बताए।

# मधेसमा आपराधिक घटना बढ्दो : सबैभन्दा बढी पर्सामा

**अली असगर देवान**

वीरगन्ज, १७ चैत्र। मधेस प्रदेशमा अपराधको ग्राफ बढ्दो अवस्थामा छ। प्रदेशका ८ वटै जिल्लामा दर्ता भएका मुद्दालाई आधार मान्ने हो भने आपराधिक घटना बढ्दो देखिएको हो। पछिल्लो तीन वर्षमा मधेस प्रदेशमा २४ हजारभन्दा बढी आपराधिक मुद्दा दर्ता भएका छन्। आर्थिक वर्ष ०७८/०७९ देखि चालु आर्थिक वर्षको फागुन मसान्तसम्म २४ हजार ४५८ वटा आपराधिक मुद्दा दर्ता भएको मधेस प्रदेश प्रहरीले जनाएको छ। ती मुद्दामध्ये ५ हजार ८९५ वटा मुद्दा फर्स्यौट हुन बाँकी छ।

**कुन वर्षमा कति मुद्दा ?**

मधेस प्रदेश प्रहरीका अनुसार आर्थिक वर्ष ०७८/०७९ मा ८ हजार ४५४ मुद्दा दर्ता भएका छन्। आर्थिक वर्ष ०७९/०८० मा ९ हजार ८४४ र चालु आर्थिक वर्षको फागुनसम्ममा ६ हजार १६० वटा आपराधिक मुद्दा दर्ता भएका छन्। यसमध्ये पहिलो आर्थिक वर्ष ६ हजार ७९१, दोस्रोमा ८ हजार ३८ र चालु आर्थिक वर्षमा ३ हजार ७३४ वटा मुद्दा फर्स्यौट भएको प्रहरी तथ्यांक छ।

**पर्सामा बढी अपराध**

प्रदेशका ८ वटै जिल्लामा सबैभन्दा बढी पर्सामा आपराधिक मुद्दा दर्ता भएको प्रहरी तथ्यांक छ। प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका गरी ८ वटै जिल्लामध्ये पर्सा बढी अपराध हुने जिल्लाको सूचीमा दर्ज छ। आव ०७८/०७९ मा प्रदेशभरिमा दर्ता भएको कुल आपराधिक घटना ८ हजार ४५४ मध्ये पर्सामा एक हजार ८०३ मुद्दा दर्ता भएको प्रहरी रेकर्ड छ। यसैगरी ०७९/०८० मा दर्ता भएका ९ हजार ८४४ मुद्दामध्ये पर्सामा मात्रै २ हजार २७२ वटा दर्ता भएको छ। चालु आर्थिक वर्षमा दर्ता भएका कुल ६ हजार १६० मुद्दामध्ये पर्सामा एक हजार २२४ वटा मुद्दा दर्ता भएको प्रहरी तथ्यांक छ। मधेसमा सबैभन्दा कम अपराध हुने जिल्लाको सूचीमा सप्तरी छ। यहाँ यो तीन वर्षमा कुल २ हजार ३६० वटा आपराधिक मुद्दा दर्ता भएको प्रदेश प्रहरीले जनाएको छ।

**फछ्र्यौटमा किन समस्या ?**

प्रहरीमा दर्ता भएका अपराधका मुद्दा प्रत्येक वर्ष बढ्दो क्रममा छन्। तर मुद्दाको फर्स्यौट संख्या भने प्रत्येक वर्ष घट्दो क्रममा छ। मुद्दा छिनोफानो नहुनुको पछाडि जनशक्ति अभाव नै मुख्य समस्या रहेको प्रहरीले जनाएको छ। मधेस प्रदेश प्रहरी प्रमुख यज्ञविनोद पोखरेलले जनशक्ति अभावका कारण मुद्दाहरूको अनुसन्धानमा उल्लेख्य फट्को मार्न नसकेको बताए। उनले भने, ‘मुद्दाको चाप बढी छ, तर हामीसँग काम चलाउने मात्रै जनशक्ति छ। त्यसकारण समस्या आएको हो।’ जिल्लामा पर्याप्त जनशक्ति भएको खण्डमा यो अवस्थामा धेरै सुधार आउने उनको भनाइ छ। केही मुद्दाको हद म्यादका कारणले पनि छिनोफानो हुन नसकेको उनको तर्क छ। उनी भन्छन्, ‘कुनै मुद्दाको अनुसन्धान गर्ने हदम्याद २ वर्ष हुन्छ, मान्छे फेला नपरेसम्म ती मुद्दा बुझाउन सकिँदैन। अनि यो मुद्दा पेन्डिङमा रहन्छ।’ केही यस्ता प्राविधिक समस्याले पनि मुद्दा पेन्डिङमा रहने उनको भनाइ छ।

# मन्त्री सँगको फोटो देखाएर लाखौं ठग्ने गौरका सोनी पक्राउ

**सञ्जय मिश्रा**

रौतहट १७ चैत्र। देशको बिभिन्न जिल्लामा पुगेर मन्त्री तथा भीआईपीहरु सँगको आफ्नो तस्वीर देखाएर लाखौं रुपैया ठगी गर्दै आएका गौरका एकजना युवक पक्राउ परेका छन्। त्रिवि शिक्षण अस्पताल काठमाडौं स्थित बिए नर्सिङमा नामाङकन गराउने नाउँमा लाखौँ रुपैयाँ ठगी गरेका रौतहटको सदरमुकाम गौरका पवन कुमार सोनी पक्राउ परेका हुन्। बहालवाला तथा पूर्वमन्त्रीहरु तथा अन्य भीआईपी सँग आफ्नो फोटो देखाएर भीआईपी कोटामा बिए नर्सिंगमा नामाङकन गराउने नाउँमा लाखौँ ठगेका स्थानिय दुर्गा भगवती गाउँपालिका ६ घर भएर गौर ५ बस्ने राम एकवाल साह सोनारका छोरा ३० बर्षीय पवन कुमार सोनी पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएस्पी एलिजा गिरीले बताएकी छन्। सोनीले शिक्षण अस्पतालको बिए नर्सिङमा नामाङकन गराउने भनेर डोटी जिल्ला शिखर नगरपालिका ११ का जोगबहादुर बोहराको छोरी बिमला बोहरा सँग आठ लाख १० हजार ३७५ रुपैया ठगेको उजुरीको आधारमा पक्राउ गरिएको प्रवक्ता गिरीले जानकारी दिएकी छिन्। सोनी लाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सिलगढी डोटी पठाईएको जिल्ला प्रहरी कार्यालय रौतहटले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

*बेवारिसे ...*

प्रहरी निरीक्षक गिरीले पोस्टमार्टम रिपोर्ट आएपछि ती व्यक्तिको मृत्युको कारण खुल्न सक्ने बताउनुभएको छ। उहाँले मृतकको हुलिया सबैतिर परिपत्र गरेर परिचय खुलाउने प्रयास भइरहेको बताउनुभयो।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

# जनताको मन छुने र सबैले अपनत्व लिने बजेट ल्याउँछु: अर्थमन्त्री

काठमाडौं, १७ चैत्र। अर्थमन्त्री वर्षमान पुन अनन्तले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्नेबारे निर्देशन दिएका छन्। अर्थसचिव कृष्णहरि पुष्कर, राजश्व सचिव रामप्रसाद घिमिरे, बजेट लेखन समितिका सहसचिवहरू, मन्त्रालयका सबै महाशाखा प्रमुख, विभागीय प्रमुख तथा महानिर्देशक र उपमहानिर्देशकहरुलाई राखेर शनिबार बजेटको प्राथमिकताबारे सामूहिक निर्देशन दिएका हुन्।

मन्त्री पुनले आमजनता र सबै सरोकारवालाले स्वामित्व लिन सक्ने खालका कार्यक्रम बजेटमा समेट्न निर्देशन दिए। उत्पदान वृद्धिमार्फत रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन गरी वैदेशिक व्यापार घाटा कम गर्नेमा आफ्नो जोड रहने बताए। 'त्यसका लागि उत्पादनमुलक उद्योग प्रवर्द्धनमा लगानी र निर्यात प्रवर्द्धनलाई जोड दिनुपर्ने उनको भनाइ थियो। अर्थमन्त्रीले बजेट निर्माण गर्दा सत्ता साझेदार दलहरुबीचको न्यूनतम साझा कार्यक्रमभित्र रही विषयगत मन्त्रालयहरुसँगको समन्वयमा बजेट वक्तव्य तयार पार्न भने।

मन्त्री पुनले सरकारको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबीच तालमेल हुनुपर्नेमा जोड दिए। त्यसका लागि सम्वद्ध निकायहरुबीच अन्तरसन्ध स्थापनामा निरन्तर संवाद हुनुपर्ने बताए। ‘उत्पादन र उत्पादकत्व अभिवृद्धिमार्फत रोजगारीका थप अवसर सिर्जजना हुने अनि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने खालको नीति बजेटमा आउनुपर्छ’, मन्त्री पुनले भने, ‘बजेट विनियोजन गर्दा ‘बहुजन हिताय’ भन्ने मान्यताका आधारमा बढीभन्दा बढी जनतालाई छुने र उनीहरुले स्वामित्व लिन सक्ने हुनुपर्छ भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूको स्पष्ट निर्देशन छ मैले तपाईंहरुलाई भन्ने पनि यही नै हो।’

मन्त्री पुनले कृषिजन्य उपज र बजारबीच लिंकेज हुने कार्यक्रम बजेटमा राखिने जनाए। यस्तै बजारको स्थायित्वका लागि उत्पादनको आकारमा वृद्धि जरुरी रहेकामा जोड दिए। कृषि उत्पादनलाई बजार र उद्यमसँग जोड्ने कार्यक्रममा ध्यान दिन मन्त्रीको निर्देशन छ। मन्त्री पुनले मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्ग आसपास क्षेत्रहरुमा नयाँ बजार र आर्थिक केन्द्र स्थापना गर्ने विषयलाई बजेटमा समावेश गर्न निर्देशन दिए। यस्तै स्थानीयतहमा जाने समानीकरण अनुदानलाई आर्थिक वर्षको बीचमा संशोधन गर्न नमिल्ने व्यवस्था गर्न तथा ससर्त अनुदानका कार्यक्रमहरु घटाउन भनेका छन्। राजश्वको अनुमान र राजश्व परिचालनबीचको दूरी कम गर्ने तथा सार्वजनिक संस्थान सुधारलाई जोड दिने आफ्नो नीति रहेको उल्लेख गरे। यस्तै उनले सामाजिक सुरक्षा, समृद्धि र सामाजिक न्यायलाई राज्यले विशेष ध्यान दिनुपर्ने भन्दै महिला, दलित, अपांगता भएका र पिछडिएका क्षेत्र केन्द्रित कार्यक्रम ल्याउन भनेका छन्।

फरक प्रसंगमा पुनले यो वर्षको बजेट निजी क्षेत्र र लगानीमैत्री हुने बताए। निजी क्षेत्रलाई प्रत्साहित हुने खालको बजेटले मात्र आर्थिक क्रियाकलाप विस्तार हुने उनको विश्वास थियो। ‘यो वर्षको बजेट निजी क्षेत्र र लगानीमैत्री बजेट हुनेछ’, मन्त्री पुनले भने, ‘निजी क्षेत्रका जेन्यून लगानीकर्ताका लागि ‘रेड कार्पेट’ बिछ्याउने नीति लिइने भएकाले यसकै वरिपरि रहेर बजेट बनाउनुपर्नेछ।’ मन्त्री पुनले अर्थ मन्त्रायका सहसचिव धनिराम शर्माको नेतृत्वमा शुक्रबार सहसचिवहरु रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र पार्वती शर्मा सदस्य रहेको बजेट लेखन समिति गठन गरेका थिए। १२ वर्षअघि बाबुराम भट्टराई नेतृत्वको सरकारमा पहिलोपटक अर्थमन्त्री हुँदा पुनले विपक्षीको अवरोधका कारण बजेट ल्याउन पाएका थिएनन्।

*वन अतिक्रमण...*

क्षेत्रमा केहीले पक्की घर बनाइसकेका छन्। चुनावका बेला उम्मेदवारले बस्ती हटाउन नदिने प्रतिबद्धता जनाउँछन्। त्यसैको आडमा उनीहरु भोट माग्छन्।

कांग्रेस संसाद देव तिमल्सिना अतिक्रमण गरी बसेकालाई स्थायी रुपमा अन्यत्र सारेर बस्ती हटाउनु पर्ने बताउँछन्। ‘अतिक्रमण गर्ने सुकुम्बासीहरु कुनै न कुनै पार्टीमा आवद्ध छन्। उनीहरु राजनीतिक आडमा बचाव खोज्छन्,’ उनले भने,‘सिंगो राज्य लागेर समस्या समाधान गरिएन भने यो कम हुने होइन्। झनै तीव्र हुन्छ।’ दलहरुले कठोर प्रतिबद्धता, सरकारले अतिक्रमण हटाउन चाहिने बजेट र स्थानीय तहले पनि पहल गरेको खण्डमा अतिक्रमण हटाउन सहज हुने अधिकृत मिश्रले सुनाए।

*दर्जनौं कम्प्युटरसहित ...*

सामाजिक सञ्जालमार्फत् उनीहरुले ठगीधन्दा चलाएको पर्सा प्रहरीको अनुमान छ। उनीहरुबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन। पर्सा प्रहरी प्रमुख एसपी कुमोद ढुंगेलले भोलि पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी दिने बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)